म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

सम्वृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- १८० २०८१ जेठ ९ गते बुधबार 22 May 2024, Wednesday - पृष्ठ ४ मूल्य रू. ५/-

## प्रदेशस्तरीय सुरक्षागोष्ठी हेटौंडामा सुरु

हेटौँडाः बागमती प्रदेशस्तरीय सुरक्षा गोष्ठी हेटौँडामा सुरु भएको छ । मंगलबार र बुधबार दुइदिन सञ्चालन हुने गोष्ठीमा प्रदेशका १३ वटै जिल्लाका सुरक्षाप्रमुखहरुले जिल्लागत सुरक्षा अवस्थाको प्रस्तुती गर्ने कार्यक्रम रहेको छ । संघीय सरकारको गृहसचिव एकनारायण अर्यालको अध्यक्षता तथा बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलको प्रमुख आतिथ्यमा गोष्ठीको उद्घाटन कार्यक्रम भएको थियो । उद्घाटन कार्यक्रममा बागमती प्रदेश सरकारको आन्तरिक ममिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठ, सुरक्षा निकायका प्रमुखहरुको पनि सहभागिता रहेको थियो । उद्घाटन समारोहलाई मुख्यमन्त्री जम्कट्टेलले सम्बोधन समेत गर्नुभएन । सुरक्षा गोष्ठीको समापनमा सञ्चारकर्मीहरुलाई बैठकका निश्कर्ष सार्वजनिक गर्ने बताइएको छ ।

### हेटौँडा खानेपानी व्यवस्थापन बोर्ड १२ औं वर्षमा

## १ लाख ६० हजार नगरवासी लाभान्वित



बढी पानी खपत गर्नुका साथै नियमित शूल्क तिर्ने उपभोक्तालाई सम्मान गरिँदै ।

समाज संवाददाता

हेटौँडाः हेटौँडा खानेपानी व्यवस्थापन बोर्ड १२ औं वर्षमा प्रवेश गरेको छ। मंगलबार बोर्डका अध्यक्ष प्रताप विष्टको सभाध्यक्ष तथा हेटौँडा उपमहानगरपालिकाकी प्रमुख मिना कुमारी लामाको प्रमुख आतिथ्यमा वार्षिकोत्सव कार्यक्रम भएको छ ।

कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै नगर प्रमुख लामाले पानीको मुहान संरक्षणका लागि ध्यान दिनुपर्ने बताउनुभएको छ । आफु विभिन्न देशमा खानेपानीको कार्यक्रममा पुग्दा केही बर्षपछि खानेपानीको मुहान सुक्ने क्रम बढ्ने कुरा उठेको पाइएको भन्नुहुँदै उहाँले पानीको मुहान संरक्षण गर्न आवश्यक रहेको बताउनुभयो । उहाँले उपमहानगरले २ लाख जनता लाभान्वित हुने गरी खानेपानी वितरण गर्ने तयारी गरिरहेको बताउनुभयो ।

नेपाल खानेपानी संस्थानको हेटौँडा शाखा २०७० जेठ ८ गते विधिवत रुपमा खानेपानी व्यवस्थापन बोर्डमा हस्तान्तरण गरिएको थियो । कार्यक्रममा खानेपानी बोर्डका निमित्त कार्यकारी निर्देशक विष्णु प्रसाद सापकोटाले चालु आर्थिक बर्षको बैशाख मसान्तसम्मको प्रगति विवरण प्रस्तुत गर्नुभयो । हेटौँडा उपमहानगर पालिकाको ११, १२ र १३ बाहेक सबै वडामा सेवा विस्तार गरिरहेको बोर्डमा अहिले १ लाख ६० हजार नगरवासी लाभान्वित छन् । बोर्डले एउटा सतहगत मुहान, १२ वटा समवेल र ३६ वटा डिप ट्युवेलबाट दैनिक ३ करोड ५० लाख लिटर खानेपानी उत्पादन गरी खानेपानी वितरण गरिरहेको छ । बोर्डमा हालसम्म १६ वटा खानेपानी उपभोक्ता समितिहरुबाट ९ हजार ५ सय घरधुरीहरु हस्तान्तरण भएको छ ।

चालु आर्थिक बर्षमा बोर्डले वडा नम्बर ४, ५, ६, ७, १४ र १५ मा ५४ लाख ७४ हजारको लागतमा २३ हजार ४ सय मिटर पाइपलाइन विस्तार गरिएको छ । यस्तै हेटौँडा-१५, शिखर पानीमा शिखरपानी खानेपानी तथा सर सफाई उपभोक्ता समिति अन्तर्गत रहेको खानेपानीको स्रोत, पानी भण्डारण ट्याङ्कीसहित ४ सय ४७ वटा धाराहरु बोर्डमा हस्तान्तरण भएको छ ।

बोर्डले वार्षिकोत्सवको अवसरमा संस्थाका कर्मचारी, उपभोक्तालाई सम्मान गरेको छ । बोर्डबाट प्रदान गरिने सेवा प्रवाहलाई डिजिटलाइजेशन गरेको भन्दै हेटौँडा-१० स्थित आइकन सफ्ट प्रालिका प्रोपाइटर श्यामकल श्रेष्ठ, पाइनलाइन लिकेज र बोर्डसँग सम्बन्धित अन्य सूचना प्रदान तथा सारोकारवालाहरु बीच सौहार्द्धपूर्ण वातावरण तयार गरेको भन्दै शिव बहादुर थापा, भीमसेन पौडेल र राजु अधिकारीलाई सम्मान गरिएको छ । यस्तै बोर्डबाट वितरण गरिने खानेपानीको अधिक उपभोग गर्ने तथा नियमित महशुल रकम भुक्तानी गर्ने उपभोक्ताहरु एभोकाडो अर्किड रिसोर्ट प्रालि, पुष्पा घिमिरे, कृष्णप्रसाद दंगाल, बलभद्र राना, र भवनाथ लामिछानेलाई सम्मान गरेको छ ।

यस्तै उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीहरु कार्यालयतर्फ मिटर रिडिङ्ग इकाईका कनिष्ठ सहायक अनिला सुवेदी, मिटर रिडर किशोर राज न्यौपाने, मिटर रिडर, चुहावट नियन्त्रण तथा वक्यौता असुलीमा उत्कृष्ट कार्य गर्ने विदुर खड्का, समग्र कार्यालयको कार्य सम्पादनमा उत्कृष्ट कार्य गर्ने सानुकान्छा जिम्बा, पम्प सहयोगी कृष्ण प्रसाद वाग्ले, फिल्ड सहयोगीहरु मोहन दोङ, गोकुल रिजाल, दीपक चौलागाई र चौकीदार दुर्गा बहादुर थिङलाई सम्मान गरिएको छ। यस्तै शाखा कार्यालयतर्फ उपभोक्ता समितिबाट बोर्डमा हस्तान्तरण भई बोर्ड अन्तर्गत रहेर उत्कृष्ट कार्य गर्ने हर्नामाडी शाखाका केदार बहादुर थिङ र गीता विश्वकर्मालाई सम्मान गरिएको छ। यस्तै हटिया शाखाका सानुकान्छा थिङ र नुरेन्द्र राज ढकाललाई सम्मान गरिएको छ ।

कार्यक्रममा हेटौँडा उपमहानगर पालिकाका उपप्रमुख राजेश बानियाँ, हेटौँडा-२ का वडाध्यक्ष विष्णुगोपाल महर्जन, संघीय खानेपानी आयोजनाका प्रमुख उज्वल प्रजापति र बोर्डका मकवानपुर जिल्ला सदस्य एवम् मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्ण गुप्ता अग्रवाल लगायतको उपस्थिति रहेको थियो ।

## विद्यालय खोल्न-बन्द गर्न शिक्षक र नगरप्रमुखको जुहारी

समाज संवाददाता

हेटौँडाः मंगलबार हेटौँडाका अधिकांश सामुदायिक विद्यालयमा पठनपाठन भएन । हेटौँडा-३ स्थित महेन्द्र किरण माध्यमिक विद्यालयकी कर्मचारी माइती थोकरको निधनको शोकमा मंगलबारका लागि शिक्षक महासंघ हेटौँडा उपमहानगर समितिले नगरका सबै सामुदायिक विद्यालयलाई शोक विदा गर्न आग्रह गरेअनुसार अधिकांश विद्यालयमा पठनपाठन हुन सकेन । यता हेटौँडा उपमहानगरपालिकाकी प्रमुख मीना कुमारी लामाले भने विद्यालयमा नियमित पठनपाठन सुचारु राख्न अनुरोध गर्नुभएको थियो ।

विद्यालय बन्द गर्न र सुचारु राख्न शिक्षक र नगरप्रमुखबीच जुहारी नै चलेको थियो । विद्यालय कर्मचारी थोकरको सोमबार निधन भएको थियो । शिक्षक महासंघले भने सोमबार नै सूचना जारी गर्दै थोकरप्रति श्रद्धाञ्जली अर्पण गरेर मंगलबारको नियमित शैक्षिक कार्यक्रम बन्द गर्न अनुरोध गरेको थियो । शिक्षक महासंघको अनुरोध विपरित नगरप्रमुख लामाले महेन्द्र किरण माध्यमिक विद्यालय बाहेक अन्य विद्यालय सुचारु राख्न अनुरोध गर्नुभएको थियो । नगरप्रमुख लामाले मंगलबार बिहान एक सूचना जारी गर्नुहुँदै थोकरको निधनप्रति दुख व्यक्त गर्नुका साथै थोकर कार्यरत महेन्द्र किरण माध्यमिक विद्यालय बाहेक अन्य विद्यालय सुचारु राख्न अनुरोध गर्नुभएको हो ।

नगरप्रमुखको अनुरोधको अवज्ञा गर्दै नगरका अधिकांश सामुदायिक विद्यालय बन्द रह्यो । मंगलबार बिहान विद्यालय बन्द हुने भन्ने समाचार सार्वजनिक भएपछि नगर प्रमुख लामाले ढिलो गरी विद्यालय सुचारु राख्न आग्रह गर्नुले विद्यालय सुचारु हुन नसकेको देखिन्छ । नगरप्रमुखको आग्रह सम्बन्धित स्थानसम्म पुग्न र कार्यान्वयन हुन सम्भव छ कि छैन भन्ने अनुमानसमेत नगरी सूचना जारी हुनु प्रशासनिक कमजोरी समेत देखिन्छ । यसअघि निजी विद्यालयले पनि शोकविदा गर्दा भने हेटौँडा उपमहानगर पालिकाको शिक्षा विकास महाशाखाले समवेदना मात्रै प्रकट गरेको थियो । मंगलबार नगरप्रमुख आफैँले हस्ताक्षर गरेर सूचना जारी गर्नुभएको थियो भने निजी विद्यालयको सन्दर्भमा महाशाखा प्रमुखले नै हस्ताक्षर गर्नुभएको थियो ।

शिक्षक महासंघले यसअघि पनि विद्यालयका शिक्षक, कर्मचारीको निधनमा शोक व्यक्त गर्दै नियमित शैक्षिक कार्यक्रम बन्द गर्न अनुरोध गर्ने गरेको छ । महासंघको अनुरोध अनुसार नै विद्यालयमा नियमित पठनपाठन लगायतका शैक्षिक क्रियाकलाप बन्द रहने गरेको छ

## कक्षा-११ को वार्षिक परीक्षा सुरु



मकवानपुर बहुमुखी क्याम्पसमा कक्षा-११ को बार्षिक परीक्षा दिँदै विद्यार्थी ।

समाज संवाददाता

हेटौँडाः हेटौँडा-२ स्थित मकवानपुर बहुमुखी क्याम्पसमा कक्षा-११ को बार्षिक परीक्षा सुरु भएको छ। मंगलबारदेखि सुरु भएको परीक्षाको पहिलो दिन एक हजार एक सय ६४ जना विद्यार्थी परीक्षामा सहभागी भएका छन् । परीक्षा बिहान ८ बजेबाट सुरु भएको हो ।

मकवानपुर बहुमुखी क्याम्पसमा शैक्षिक सत्र २०८० मा कक्षा ११ मा एक हजार तीन सय ८० जना विद्यार्थी भर्ना भएका थिए । बार्षिक परीक्षामा सहभागी हुन एक हजार दुइ सय दुइजनाले फारम भरेका थिए । पहिलो दिनको परीक्षा शान्तिपूर्ण वातावरणमा सम्पन्न भएको छ ।

पछिल्लो समय कक्षा ११ को बार्षिक परीक्षा सम्बन्धित शैक्षिक संस्थाले नै सञ्चालन गर्ने व्यवस्था गरेको छ । मकवानपुर बहुमुखी क्याम्पसमा कक्षा ११ को बार्षिक परीक्षा जेठ २० गतेसम्म सञ्चालन हुनेछ ।

### बागमती प्रदेश सरकार

## दुईवटा विधेयक प्रदेश सभामा पेश गर्ने निर्णय

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेश सरकार मन्त्रीपरिषद्को बैठक मंगलबार बसेको छ । बैठकले ४ वटा निर्णय गरेको सरकारका प्रवक्ता एवम् आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठले बताउनुभयो ।

बैठकले बागमती प्रदेश प्रशिक्षण प्रतिष्ठान विधेयक २०८१ प्रदेश सभामा पेश गर्न स्वीकृति दिने निर्णय गरेको छ। यस्तै प्रदेश उच्च शिक्षा पहिलो संशोधन अध्यादेश २०८१ लाई प्रतिस्थापन गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति दिने निर्णय भएको छ। संक्षिप्त संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने सम्बन्धमा सामाजिक विकास मन्त्रालयबाट प्राप्त प्रस्ताव पारित भएको छ ।

यसअघि सामाजिक विकास मन्त्रालय अन्तर्गत रहेको युवा तथा खेलकुद विभागलाई अलग बनाएर युवा तथा खेलकुद मन्त्रालय बनाएको थियो । नयाँ ढंगबाट संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्नुपर्ने भएकाले यस्तो निर्णय भएको उहाँले बताउनुभयो । यस्तै भौतिक पूर्वाधार विकास मन्त्रालयबाट प्राप्त संक्षिप्त संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने निर्णय भएको उहाँले बताउनुभयो ।

## मानिस मृत अवस्थामा फेला परेको सम्बन्धमा

समाज संवाददाता

मिति २०८१।०२।०८ गते अं. ०९:०० बजेको समयमा जिल्ला मकवानपुर हेटौडा उ.म.न.पा. २ बनस्खण्डी स्थित ऐ.ऐ. बस्ने बिनोद लामिछानेको पुरानो मान्छे नबसेको घरको सिडीमा मानिस मृत अवस्थामा रहेको छ भन्ने जानकरी प्राप्त हुना साथ क्इत्र्तृइ सहितको अनुसन्धान टोली खटी गई बुभ्दा जिल्ला मकवानपुर मकवानपुरगढी गा.पा. ३ डुम्रे कुना बस्ने अं.बर्ष ५२ को कृष्ण भन्ने ईन्द्र बहादुर खड्का मृत अवस्थामा रहेको, निज एक महिना अगाडी देखी घर छाडी हिडेको र बिरामी समेत रहेको भन्ने आफन्तहरु मार्फत बुझीन आएको, लास पो.मा. पश्चात आफन्तले बुझेको ।

## हातेमालेले १८ औं स्थापना दिवस विभिन्न कार्यक्रम गरी मनाउँदै

समाज संवाददाता

हेटौंडाः हेटौंडा-२ स्थित हातेमालो बचत तथा ऋण सहकारी संस्था लिमिटेडले आफ्नो १८ औं स्थापना दिवस विभिन्न कार्यक्रम आयोजना गरी मनाइरहेको छ। मंगलबार संस्थाका अध्यक्ष हरी प्रसाद पौडेलको सभाध्यक्ष तथा बागमती प्रदेश सहकारी विकास बोर्डका कार्यकारी उपाध्यक्ष नारायण प्रसाद देवकोटाको प्रमुख आतिथ्यमा वार्षिकोत्सव औपचारिक रुपमा उद्घाटन भएको छ ।

कार्यक्रममा बोल्नुहुँदै कार्यकारी उपाध्यक्ष देवकोटाले सहकारीले सदस्य केन्द्रित ऋण लगानी गर्नुपर्ने बताउनुभएको छ । उत्पादन नहुने काममा लगानी गरे सहकारीमा समस्या आउने उहाँको भनाई छ । सहकारीले सदस्यहरुको आयआर्जन अगाडि बढ्नुपर्ने र समाजसेवाको काममा लाग्नुपर्ने उहाँले बताउनुभयो । राम्रा कामको प्रचारप्रसार गरी सहकारीलाई सुरक्षित र सदस्यमैत्री बनाउनुपर्ने उहाँले बताउनुभयो। संस्थाका अध्यक्ष हरी पौडेलले हातेमालोले सहकारीको नीति नियम अनुसार काम गरिरहेको बताउनुभयो । संस्थाले बिना धितो ऋण लगानी नगरेको बताउनुहुँदै उहाँले सहकारीलाई गुणस्तरीय बनाउन लागी परेको बताउनुभयो । उहाँले शेयर सदस्यहरुको आर्थिक र जीवनस्तर उकास्न आवश्यकताको आधार तालिम संचालन गरिने पनि बताउनुभयो ।

संस्थाले जेठ २ गतेदेखि ७ गतेसम्ममा संस्थाका ३४ जना महिलाहरुलाई सेल्फ मेकअप तालिम आयोजना गरेको छ। महिलाहरुलाई बाहिर पार्लरमा मेकअप गर्दा लाग्ने खर्च बचत गर्ने उद्देश्यले तालिम आयोजना गरिएको जनाएको छ । तालिममा सहभागीहरुलाई संगीता श्रेष्ठले प्रशिक्षण दिनुभएको थियो ।

मंगलबार तालिममा सहभागीलाई प्रमाणपत्र वितरण गरिएको छ । यस्तै संस्थाले आइतबार जीवन निर्माण अभियान कार्यक्रम सञ्चालन गरेको थियो ।

संस्थाले वार्षिकोत्सवको अवसरमा जेठ ११ गते भान्छा सुधार अभियान तथा स्वस्थ रहने वैज्ञानिक सिद्धान्तबारे, १२ गते सञ्चालक समिति, उपसमिति, कर्मचारी, संस्थापक तथा पूर्व सञ्चालकहरुबीच समिक्षा बैठक गर्ने भएको छ । यस्तै १३ गते असल बचतकर्ता र ऋणी सदस्यहरुसँग अन्तरक्रिया तथा सम्मान कार्यक्रम, १४ गते रक्तदान तथा स्वास्थ्य परीक्षण र हेटौंडा-१० स्थित संस्कृत वेद विद्यालयलाई सहयोग गरी मनाउने भएको छ ।

२ हजार ७ सय सेयर सदस्य रहेको सहकारीमा चालु आर्थिक वर्षको बैशाख मसान्तसम्ममा ६ करोड ३६ लाख १६ हजार रुपैयाँ शेयर पुँजी छ भने ५२ करोड ३४ लाख २७ हजार रुपैयाँ ऋण लगानी गरेको छ। कार्यक्रममा हेटौंडा-२ का वडाध्यक्ष विष्णुगोपाल महर्जन र हेटौंडा उपमहानगरपालिकाका सहकारी शाखा प्रमुख हिमप्रसाद पौडेल लगायतको पनि आतिथ्य रहेको थियो ।

## रुम्बा मृत फेला

समाज संवाददाता

हेटौँडाः हेटौँडा-१२ मा एक जना पुरुष मृत फेला परेका छन् । मृत फेला पर्नेमा ४० वर्षीय दिलिप बहादुर रुम्बा रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

सोमबार रुम्बा केराबारीमा घोप्टो परी मृत अवस्थामा फेला परेका थिए । मुचुल्का पश्चात शव पोष्टमार्टमका लागि हेटौँडा सरकारी अस्पताल लगिएको प्रहरीले जानकारी दिएको छ ।

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म


सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

# Mother's Day



✍Aayushree Ghimire

Her touch filled with love like a sun's ray
To all the mothers out there, Happy Mother's Day!

My mom, sweet, caring, and gentle
She makes my messed up life reassemble

The only one that can bring a smile to my face.
You really are my one and only safe place.

She is the shining moon between stars
Like makeup that covers my scars.

Thank you for all the sacrifice.
You're the reason I'm still alive.

Around you I feel safe and warm
My mom ! My only lucky charm

Thank you for bringing joy to my life.
I'll forever be grateful to all your sacrifices.

Sorry if I ever did something wrong
And thank you for always being so strong.

*Grade-10, Everest*
*Navodaya Shishu Sadan*

# मेरो प्यारो सगरमाथा



✍आयुषा खातुन

प्रकृतिले दिएको सुन्दर उपहार हो सगरमाथा
नेपालको आँखामा सजाएर राखेको सुन्दर परिभाषा हो सगरमाथा

नेपालको आन मान सान सबै थेगेको सगरमाथाले
हामी नेपालीको शीर उच्च बनाएको सगरमाथाले

विश्वमा नेपाललाई चिनाउने एक हिमाल हो सगरमाथा
नेपालीको हौसला बढाउने प्राकृतिक सम्पदा हो सगरमाथा

हिउँ नै हिउँले ढाकेको मेरो प्यारो सगरमाथा
सधैं अजर अमर रहने सुन्दर हिमाल सगरमाथा

नेपाली कहिल्यै झुक्दैन भन्ने सन्देश दिन्छ सगरमाथाले
नेपालको प्रकृतिलाई नै सुन्दर बनाउँछ सगरमाथाले

विश्वमै सबैभन्दा उच्च शीर भएको सगरमाथा
पर्यटकलाई मोहित बनाउने आकर्षक सगरमाथा

नेपालीको ढुकढुकीमा छ हाम्रो प्यारो सगरमाथा
पर्यटकले भन्छन्, आहा ! कति राम्रो सगरमाथा

नेपालको शोभा बढाउँछ सगरमाथाले
नेपाललाई विश्वमै चिनाउँछ सगरमाथाले

पर्यटकहरु रमाउँछन् सगरमाथा चढ्नलाई
नेपालीलाई सजिलो भा छ आयआर्जन गर्नलाई

*कक्षा-१०, श्रमिक माध्यमिक विद्यालय, हेटौंडा-४*

# आमा

**गीत**



✍रिमोन केसी

ताते ताते गर्दै मलाई हिँड्न सिकायौ आमा ।
तोते बोली गर्दै मलाई बोल्न सिकायौ आमा ॥
मेरी आमा..... मेरी आमा..... मेरी आमा......

ममताको अर्को अर्थ तिमीलाई नै मान्छु म त
संसारको ठूलो ईश्वर मेरी आमा ठान्छु म त
दु:ख पीडा भुली मलाई दुनियाँ देखायौ आमा

तोते बोली गर्दै मलाई बोल्न सिकायौ आमा
मेरी आमा.... मेरी आमा.... मेरी आमा....

रुँदा हाँस्दा तिमी मेरो जिन्दगीको साथ हुन्छौ ।
देवी देउता भन्दा तिमी धेरै-धेरै माथि हुन्छौ ॥

काउकुती लाउँदै मलाई हाँस्न सिकायौ आमा ।
तोते बोली गर्दै मलाई बोल्न सिकायौ आमा ॥
मेरी आमा.... मेरी आमा.... मेरी आमा....

*कक्षा-४, बालजागृती ईंग्लिस सेकेन्डरी स्कुल*
*हेटौंडा-२*

# मेरो देश



✍कृतिका हुमागाई

राष्ट्रिय दस्तावेजको पानामा
हामी एकीकृत भएपनि
आज सयौं टुक्रा माछौं
कानन विज्ञले जति लेखेपनि

यो राष्ट्रिय मौलिकता
कि त हामीलाई समेट
कि त राष्ट्रियको पाना बचाईदेऊ
समय फेरिंदैछ
देश बदलिंदै छ

खै त पिडितलाई न्याय
खै त अपराधिलाई सजाय
सतीले देश हो यो हाम्रो
बेकसुरले भोग्छन र कसुरदार बन्छनु राम्रो

*कक्षा-१०, सिद्धार्थ माध्यमिक विद्यालय*
*हेटौंडा-२*

# तिमी केटी हौ



✍प्रमिला घले

तिमी केटी हौ
आफूलाई सम्हालेर हिँड्नु है
मिठा कुरा गर्दै मख्ख पार्ने धेरै छन्
तिमी त्यो भ्रममा नपर्नु है ।

तिमी केटी हौ
आफैलाई बुझ्नु है
कसैको दबाबमा आएर
आफूलाई बाँधेर नराख्नु है ।

गिद्धहरुको बीचमा
असल मान्छे चिन्नु है
परिस्थिति जस्तो आए पनि
तिमी शिर उठाएर हिड्नु है ।

तिमी केटी हौ
आफूलाई सधैं पढ्नु है
परे जति बाधा अड्चन
स्वाभिमानी भई डट्नु है
तिमी केटी हौ सम्हालेर हिँड्नु है ।

*स्नातक तह वर्ष चौथो वर्ष*
*मकवानपुर बहुमुखी क्याम्पस, हेटौंडा-२*

# पृथ्वी यति ठूलो किताब हो



✍सुमन राय

जीवनको आगमन र यात्राको
यस संसारको अस्तित्वको
यसमा सबै हिसाब लेखिएको छ
पृथ्वी पनि ठुलो किताब हो ।

मैले राम्ररी पढैं
हेरैं जाँचैं
अनमोल ज्ञान भयो मानव
इतिहास पुरानो छ ।

सबै कुराक राम्रो छ, नराम्रो केहि
छैन पृथ्वी कस्तो ठुलो किताब हो ।
गहिरो खान्ने मैले पृथ्वी
मैले पृथ्वी मातालाई धेरै भेटैं यी कुराहरु थाहा पाएँ ।

तपाईं पनि अलिकति पढ्नुहोस ।
सर पृथ्वी यति ठुलो किताब हो
यसभित्र सुन चाँदी छ, हिरा र विगतको कुरा पनि ।

*कक्षा-१०, सिद्धार्थ माध्यमिक विद्यालय*
*हेटौंडा-२*

# गजल



✍बन्दना बुढा क्षेत्री

आँखाभरि सपनाहरु टाँसिएका छन् ।
मनभरि गीतका शब्दहरु गासिएका छन् ॥

आकाशमा चराहरु उडेको हेर्दा मनमा हुन्छ रमाइलो
तर कुनै कुनै चरा पिन्जडामा बाँधिएका छन् ॥


वन, जङ्गलमा बाघ, भालु हुन्छन् लाग्छ डर
घर घरमा गाई-गोरु, बाखा पालिएका छन् ॥

गर्व छ मलाई यो देश प्रति किनकि
यो जमानामा पनि ठुलो मन भएका मानिसहरु बाँचिरहेका छन् ॥

जन धन थियो तब आफ्नो आफन्तहरु थिए
जब धन सकियो तब ती आफ्न्तहरु टाढिएका छन् ॥

*कक्षा-६, अमर मावि, हेटौँडा-१*

# चित्रकला






यमना गौतम
कक्षा-९, जिएस निकेतन
हेटौंडा-५






ऐश्वर्या श्रेष्ठ
कक्षा-९, सिद्धार्थ माध्यमिक विद्यालय
हेटौंडा-२





समृद्धि श्रेष्ठ
कक्षा-३, ब्रहमदिक् एकेडेमी, हेटौंडा-४

# विद्यार्थी परिचय



धनकुमारी गुरुङ

मेरो नाम धनकुमारी गुरुङ हो । म कक्षा ७ मा पढ्छु । मेरो विद्यालयको नाम श्री माटोकोरी आधारभूत विद्यालय हो । यो मकवानपुर जिल्लाको बकैया गाउँपालिका-७, हर्दामा पर्दछ । मेरो विद्यालयमा बालविकासदेखि कक्षा ८ सम्म पढाई हुन्छ । मेरो विद्यालयमा १२ जना शिक्षकहरु हुनुहुन्छ । हाम्रो विद्यालयमा ठूलो चौर छ जहाँ विभिन्न खेलहरु खेलिन्छ ।

विद्यालय पछाडि फुलबारी छ । हाम्रो विद्यालयमा पुस्तकालय छ । मलाई कथा, कविताहरु पढ्न मन पर्छ । मेरो मिल्ने साथी रोजिना स्याङ्तान हो । उसको अनुशासन र बोल्ने तरिका धेरै मन पर्छ । रोजिना मिहिनेत गरेर पढ्छिन् । म गत बर्ष कक्षा ६ बाट उत्तीर्ण भएर ७ मा पुग्दा दोस्रो भएको थिएँ । मैले अझै मिहिनेत गरेर प्रथम हुने लक्ष्य लिएकी छु । नयाँ कक्षामा नयाँ जोस जाँगरले पढिरहेको छु ।

हाम्रो विद्यालयमा सबै शिक्षकले हामीलाई माया गर्नुहुन्छ । विद्यालयमा नियमित आउने र सफा भई आउनेलाई पुरस्कार दिनुहुन्छ । मेरो घरमा बाबा, ममी, दिदी हुनुहुन्छ । म आफुले सकेको काम ममीलाई सघाउँछु । हाम्रो विद्यालयको अतिरिक्त क्रियाकलायहरुमा पनि सहभागी हुन्छु । हामी प्रत्येक शुक्रबार फरक-फरक कार्यक्रम गरेर विभिन्न ज्ञान हासिल गर्छौं । त्यसैले मलाई मेरो विद्यालय धेरै मन पर्छ ।

# मेरो देशको परिस्थिति



**रिजन दुङ्गाना**

गर्वसाथ भन्ने गर्थें मेरो देश हो नेपाल
तर आजकल लाज लाग्छ सुन्दा पनि नेपाल

जताततै बिग्रिएको भत्किएको टालिएको नेपाल
भ्रष्टहरूले गरिरहेका छन् नेपालमा बबाल

शिक्षा खै त स्वास्थ्य खै त जताततै लुट
लुट्ने मार्ने दानवलाई छ यही देशमा छुट

जति डिग्री गरेपनि परदेशीको छाप लाग्ने
अलिकति उकासिन अरु देशको मुख लाग्ने

जन्मदिने काख लुट्यो बाबाको त्यो हात छुट्यो
यही देशको हालत अलि परदेशिने आँट जुट्यो

एअरपोर्टमा लाइन देख्दा आफूलाई नि त्यहीँ देख्छु
नेपाल भन्न गर्व लागोस् भगवानसँग पीडा पुग्छु

*कक्षा-८, जिएस निकेतन मावि, हेटौंडा-५*

## बुधबारे बालसाहित्य विशेषबारे

यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।

**सम्पादक ।**


# हार्दिक श्रद्धाञ्जली



जन्मः
बि.सं.२०४० जेठ १९

स्व. केशव प्रसाद मुडभरी

स्वर्गारोहणः
बि.सं. २०८१ जेठ २

हेटौंडा-१३ स्थित फेमकोल एकेडेमी सेकेण्डरी बोर्डिङ स्कूलका संस्थापक प्रिन्सीपल, निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन (प्याब्सन) मकवानपुर जिल्ला कार्यसमिति सदस्य **केशव प्रसाद मुडभरी**को मिति २०८१ साल जेठ २ गते बुधबार का दिन असामयिक निधनको खबरले मर्माहत भएका छौं । यस दुखद् घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

| | | |
|---|---|---|
| विनोद सुवेदी<br>प्रिन्सीपल | रामकृष्ण तिमल्सिना<br>अध्यक्ष, विद्यालय व्यवस्थापन समिति | दिनेशप्रसाद भण्डारी<br>अध्यक्ष, विद्यालय सञ्चालक समिति |

**एवम् बालजागृति इंग्लिस सेकेण्डरी स्कूल परिवार**

हेटौंडा-२



## कर्मचारी आवश्यकता

*प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/०२/०९ गते*

उपरोक्त सम्बन्धमा शिक्षा विकास महाशाखा हेटौंडा उपमहानगरपालिकाको चलानी नम्बर ११६, मिति २०८१/०२/०६ गते प्राप्त पदपूर्ति अनुमतिपत्र र यस विद्यालय व्यवस्थापन समितिको मिति २०८१/०२/०६ गतेको बैठकको निर्णयअनुसार यस विद्यालयमा रिक्त रहेको सह लेखापाल पदपूर्ति गर्नुपर्ने हुँदा ईच्छुक योग्य नेपाली नागरिकहरुबाट तपशिल बमोजिम दरखास्त आव्हान गरिन्छ ।

**तपशिल**
**१) विज्ञापन नं. : ०४/०८०/०८१**
२) पद : सह लेखापाल (करार)
३) आवश्यक संख्या : १ (एक)
४) उमेर : १८ बर्ष पूरा भई ४० बर्ष ननाघेको ।
५) न्यूनतम शैक्षिक योग्यता : मान्यताप्राप्त शैक्षिक संस्थाबाट सम्बन्धित विषयमा १२ कक्षा उत्तीर्ण वा सो सरहको परीक्षा उत्तीर्ण भएको ।
६) परीक्षाको किसिम : लिखित, मौखिक र प्रयोगात्मक ।
७) सेवा सुविधा : नेपाल सरकारको नियमानुसार ।
८) दरखास्त दस्तुर : रु १०००/- (रु एक हजार)
९) दरखास्त दिने अन्तिम मिति : २०८१/०२/२३ गते विद्यालय समयसम्म ।
१०) सम्पर्क मिति : २०८१/०२/२४
११) परीक्षा मितिः सम्पर्क मितिको दिन जानकारी गराईनेछ ।
१२) आवश्यक कागजातहरुः एसएलसी/एसइइदेखि माथिका शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि १/१ प्रति, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि १ प्रति, हस्तलिखित निवेदन १ प्रति ।
१३) विशेष प्राथमिकता (कम्प्युटरमा डिप्लोमा गरेको, इमिस सम्बन्धी कार्य गर्न सक्ने, क.सं. कोष, शिक्षक बीमा, कर दाखिला अनलाईन ईन्ट्रि गर्न सक्ने ।

**सम्पर्क नं. ९८५५०(७०५०६ (प्रधानाध्यापक), ९८११२८६१११ (वि.व्य.स.अध्यक्ष)**

**प्रधानाध्यापक**
**श्री भृकुटी माध्यमिक विद्यालय**
**हेटौंडा-१४, उत्तरपानी**



## शिक्षक आवश्यकता

*प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/०२/०८ गते*

उपरोक्त सम्बन्धमा मकवानपुरगढी गाउँपालिका च. नं. २९९५ मिति २०८१ जेठ ०६ गते प्राप्त शिक्षक पदपूर्तिका लागि विज्ञापन अनुमतिपत्र अनुसार यस विद्यालयमा रिक्त रहको माध्यमिक तह संघीय अनुदान अंग्रेजी शिक्षक पदपूर्ति गर्नुपर्ने हुँदा ईच्छुक योग्य नेपाली नागरिकहरुबाट तपशिल बमोजिम दरखास्त आव्हान गरिन्छ ।

**तपशिल**
**१. विज्ञापन नं : ६/०८०/०८१**
२ तह : मा.वि. अंग्रेजी शिक्षक (संघीय अनुदान)
३. उमेर १८ बर्ष पूरा भई ४० बर्ष ननाघेको ।
४. न्यूनतम शैक्षिक योग्यताः मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातक वा सो सरहको परीक्षा उत्तीर्ण गरी मा.वि. तहको अध्यापन अनुमतिपत्र प्राप्त ।
५. परीक्षाको किसिम : लिखित, मौखिक तथा आवश्यक परेमा कक्षा अवलोकन ।
६. सेवा सुविधा : नेपाल सरकारको नियमअनुसार ।
७. दरखास्त दस्तुर : रु. २०००/- (विद्यालयको नाममा रहको नबिल बैंक लि.को चल्ति खाता नं. २२१०१०१७५००२३६ मा रकम जम्मा गर्नुपर्नेछ ।
८. दरखास्त दिने अन्तिम मिति : २०८१/०२/२२ गते विद्यालय समयसम्म ।
९. सम्पर्क मिति : २०८१/०२/२३ गते
१० परीक्षा मिति : सम्पर्क मितिको दिन जानकारी गराईनेछ ।
११. आवश्यक कागजातहरु : शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिप २/२ प्रति, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी २/२ प्रति, अध्यापन अनुमती पत्रको प्रतिलिपी २/२ प्रति, शिक्षण अनुभवको प्रमाणपत्र प्रतिलिपि २/२ प्रति, निरोगिताको प्रमाणपत्र, अन्य अनुभव भएमा सोको प्रमाणपत्रको प्रतिलिपी २/२ प्रति, हस्तलिखित निवेदन, रकम जम्मा गरेको भौचर १ प्रति ।
विशेष ग्राहयता : खुल्लाको हकमा माथिल्लो योग्यता भएकालाई ।
नोट : शिक्षक सेवा आयोगको करार शिक्षक सूचीमा परेकाहरुको हकमा योग्यताक्रमको आधारमा विज्ञापन भएको ७ (सात) दिनसम्म मात्र नियुक्त गरिने छ । अन्यथा खुल्ला उम्मेदवारीक। लागि शिक्षा नियमावली २०५९ संशोधन सहितको प्रक्रिया पूरा गरी पदपूर्ति गरिनेछ ।

**सम्पर्क नं ९८५५०७०२४९ (प्रधानाध्यापक)**
**९८४१६६२८९१ (बि.व्य.स. अध्यक्ष)**

**बिक्रम चौरेल, प्रधानाध्यापक**
**वंशगोपाल माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय)**
**मकवानपुरगढी गाउँपालिका-२, कुर्लेढमार**



## स्तन क्यान्सरको जोखिमबाट बच्ने उपायहरु के- के हुन् ?

- स्तनको नियमित जाँच वा परीक्षण गर्ने,
- बच्चालाई पर्याप्त स्तनपान गराउने,
- नियमित व्यायाम गर्ने,
- तौललाई सन्तुलनमा राख्ने,
- पोषणयुक्त खानेकुरा खाने,
- धुम्रपान तथा मद्यपान नगर्ने,

बागमती प्रदेश सरकार

**स्वास्थ्य मन्त्रालय**
**स्वास्थ्य निर्देशनालय**
**हेटौंडा, मकवानपुर, नेपाल**



## मोटरसाइकल हराएको सूचना

मिति २०८१ साल जेठ ८ गतेका दिन दिउँसो २:३० बजेको समयमा हेटौंडा–५ बाटिका टोल निवासी राजन न्यौपानेको नाममा रहेको बा.प्र. ०३–००५ प ५८९२ नम्बरको कालो र रातो रङ्गको १५० सिसिको पल्सर मोटरसाइकल (च्याचिस नम्बर MD2A11CXXNPK13000, इन्जिन नम्बर DHXRNK76584) घर अगाडि पार्किङ्ग गरी राखेको अवस्थामा हराएको हुँदा कहिँकतै देख्नु पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको उल्लेखित मोबाइल नम्बरमा सम्पर्क गरी जानकारी गराइदिनु हुन यो सूचना प्रकाशित गरिन्छ ।

**सम्पर्कः ९८३३३६०५०६**



## मोटरसाइकल हराएको सूचना

मिति २०८१ साल जेठ ८ गतेका दिन दिउँसो १:०० बजेको समयमा हेटौंडा– १५ शिखरपानी बस्ने कृष्ण विश्वकर्माको नाममा रहेको बा.प्र. ०३–००२ प ६६११ नम्बरको कालो रङ्गको ल्क २०० सिसिको पल्सर मोटरसाइकल (च्याचिस नम्बर MD2A36FX0LCE88207, इन्जिन नम्बर JLXCLE61588) हेटौंडा–५ पुष्पलाल पार्क अगाडी पार्किङ्ग गरी राखेको अवस्थामा हराएको हुँदा कहिँकतै देख्नु पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको उल्लेखित मोबाइल नम्बरमा सम्पर्क गरी जानकारी गराइदिनु हुन यो सूचना प्रकाशित गरिन्छ ।

**सम्पर्कः ९८४५४३९२५०**



## लिलाम बिक्री सम्बन्धी सूचना

*(प्रथम पटक प्रकाशित मितिः २०८१/०२/०९)*

यस श्रम तथा रोजगार कार्यालय, हेटौंडाको जिन्सी निरीक्षण समितिले पुरानो भई काममा नआएका विभिन्न जिन्सी सामान जे जुन अवस्थामा छन् सोही अवस्थामा उठाई लैजाने गरी लिलाम बढाबढ गर्ने निर्णय भएअनुसार मूल्यांकन समितिले तोकेको न्यूनतम मूल्यांकनबाट बढाबढ हुने गरी मिति २०८१/०२/१५ गते दिनको ३:०० बजे हुने लिलाम बढाबढ कार्यमा इच्छुक व्यक्ति तथा संस्थाले परिचय खुल्ने आवश्यक कागजातसहित उपस्थित हुन यो सूचना प्रकाशित गरिएको छ ।

**श्रम तथा रोजगार कार्यालय**
**हेटौंडा, मकवानपुर**
**फोन नं.: ०५७–५२१४७५, ५९०४७६**



## डिभिजन वन कार्यालय, मकवानपुरको अनुरोध।

डढेंलोबाट वन जोगाऔं– अमूल्य वन सम्पदाको संरक्षण गरौं ।

**डिभिजन वन कार्यालय, मकवानपुर**

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो,
इन्द्रै विन्ती गरुन् झुकेर पाउमा त्यो विन्ती मान्दैन त्यो,

# हार्दिक श्रद्धाञ्जली



जन्म:
बि.सं.२०४० जेठ १९

## स्व. केशव प्रसाद मुडभरी

स्वर्गारोहण:
बि.सं. २०८१ जेठ २

मकवानपुर पुस्तक तथा स्टेशनरी व्यवसायी संघका वरिष्ठ उपाध्यक्ष **केशव प्रसाद मुडभरी**को मिति २०८१ साल जेठ २ गते बुधबारका दिन असामयिक निधनको खबरले मर्माहत भएका छौं । यस दुखद् घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

विद्यार्थी पुस्तक पसल
हेटौंडा-४, स्कुलरोड

न्यू समाचार केन्द्र
हेटौंडा-४, स्कूलरोड

श्रीयान्सी सप्लायर्स
हेटौंडा-४, स्कूलरोड

पाण्डे इन्टरप्राइजेज
हेटौंडा-४, स्कूलरोड

हेटौंडा बुक हाउस
हेटौंडा-४, स्कूलरोड

अमीर बुक हाउस
हेटौंडा-४, स्कूलरोड

ज्ञानमन्दिर बुक्स एण्ड स्टेशनरी
हेटौंडा-४, स्कूलरोड

रिमाल स्टेशनरी
हेटौंडा-४, पारिजातपथ

मंगल पेपर मार्ट
हेटौंडा-४, कान्तिराजपथ

संगम बुक्स एण्ड जनरल स्टोर्स
हेटौंडा-४, बुद्धचोक

श्रेष्ठ स्टेशनरी एण्ड गिफ्ट सेन्टर
हेटौंडा-४, कमलडाँडा

ग्यालेक्सी बुक हाउस
हेटौंडा-२, संगमचोक

हाम्रो पत्रपत्रिका सेन्टर
हेटौंडा-१०, सीमाचोक

दाहाल स्टेशनरी
हेटौंडा-१६, हटिया

हटिया स्टेशनरी एण्ड सप्लायर्स
हेटौंडा-१७, हटिया

खतिवडा सप्लायर्स
हेटौंडा-१८, ठूल्दमार

कृतज्ञ सप्लायर्स
हेटौंडा-२, संगमचोक

ओम अर्याल इन्टरप्राइजेज
हेटौंडा-४, पारिजातपथ

# मकवानपुर पुस्तक तथा स्टेशनरी व्यवसायी संघ परिवार

हेटौंडा, मकवानपुर

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ